बैठक संख्या- १८.

आज मिति २०७४ साल फाल्गुन २७ गते आइतबारका दिन अर्जुनधारा नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार राणाज्यूको अध्यक्षतामा अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार निर्णयहरु गरियो ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री | हरिकुमार राना | अध्यक्ष | [signature] |
| २ | नगर उपप्रमुख | श्री | कमला खतिवडा आचार्य | सदस्य | [signature] |
| ३ | वडाध्यक्ष | श्री | गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री | रघुनाथ खनाल | सदस्य | [signature] |
| ५ | वडाध्यक्ष | श्री | जीवकुमार भण्डारी | सदस्य | [signature] |
| ६ | वडाध्यक्ष | श्री | दुर्गाप्रसाद दाहाल | सदस्य | [signature] |
| ७ | वडाध्यक्ष | श्री | ध्यानबहादुर भारती | सदस्य | [signature] |
| ८ | वडाध्यक्ष | श्री | लोकनाथ गौतम | सदस्य | [signature] |
| ९ | वडाध्यक्ष | श्री | नवराम ढुङ्गाना | सदस्य | [signature] |
| १० | वडाध्यक्ष | श्री | गोपीचन्द्र गौतम | सदस्य | [signature] |
| ११ | वडाध्यक्ष | श्री | पुष्पकुमार प्रसाई | सदस्य | [signature] |
| १२ | वडाध्यक्ष | श्री | बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | [signature] |
| १३ | वडाध्यक्ष | श्री | भैरवबहादुर खड्का | सदस्य | [signature] |
| १४ | सदस्य | श्री | लक्ष्मी तामाङ्ग | सदस्य | [signature] |
| १५ | सदस्य | श्री | हरिमाया भण्डारी | सदस्य | [signature] |
| १६ | सदस्य | श्री | शकुन्तला बराल | सदस्य | [signature] |
| १७ | सदस्य | श्री | दिलमाया शिवा | सदस्य | [signature] |
| १८ | सदस्य | श्री | खिनमान दर्जी | सदस्य | |
| १९ | सदस्य | श्री | रमेशकुमार दर्जी | सदस्य | [signature] |
| २० | सदस्य | श्री | दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री | राधाकृष्ण खतिवडा | सदस्य सचिव | |
| २२ | वरिष्ठ कार्यक्रम तथा योजना अधिकृत | श्री | हिमराज सेढाई | आमन्त्रित | [signature] |
| २३ | प्रशासकीय अधिकृत | श्री | डेनजनी आचार्य | आमन्त्रित | [signature] |
| २४ | ईञ्जिनियर | श्री | निरज अधिकारी | आमन्त्रित | [signature] |
| २५ | खरिदार | श्री | सौजन कटुवाल | आमन्त्रित | |
| २६ | [illegible] | श्री | मुकुन्द बमेला | " | [signature] |
| २७ | नायब सुब्बा | श्री | जितेन्द्र अधिकारी | " | |

निर्णय नं. १

श्रीमान नगरप्रमुखज्यूको नेतृत्वमा भएको नगरस्तरीय अनुगमन समितिबाट पेश हुन आएको अनुगमन प्रतिवेदन उपर छलफल भयो ।उक्त प्रतिवेदनले औल्याएका समस्याहरुलाई प्राथमिकिकरण गरी अति आवश्यक स्थानमा उपलब्ध श्रोतसाधनले भ्याए सम्म सम्बोधन गर्दै लाने निर्णय गरियो ।

निर्णय नं. २

यस नगर क्षेत्र भित्र पर्ने नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन एवं ठेक्का बन्दोवस्त गर्नका लागि वातावरणीय प्रभाव मूल्यांकन गर्ने तथा सो सम्बन्धमा विषय विज्ञहरुसँग समन्वय गरी आवश्यक प्रतिवेदन तयार गरी पेश गर्न निम्नानुसारको एक समिति गठन गर्ने निर्णय गरियो :

नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य- संयोजक
वडाध्यक्ष,वडा नं. २ श्री रघुनाथ खनाल- सदस्य
वडाध्यक्ष,वडा नं. ७ श्री नवराम ढुङ्गाना- सदस्य
वडाध्यक्ष,वडा नं. १० श्री बलदेवसिंह गोम्देन तामाङ्ग- सदस्य
वरिष्ठ कार्यक्रम तथा योजना अधिकृत श्री हिमराज सेडाई-सदस्य सचिव

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा प्रदेश नं.-१, नेपाल स्था: २०७३

निर्णय नं. ३

प्रशंसनीय खोज तथा जीवन रुपान्तरण सम्बन्धि कार्यशालाका सम्बन्धमा प्रशिक्षक श्री सुदन ज्ञवालीले प्रति दिन रु ५० हजार पारिश्रमिक लिने गरी पेश गर्नुभएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

सुर्योदय नगरपालिका ईलामले आयोजना गरेको मेची नगरस्तरीय अन्तर नगरपालिका फुटबल प्रतियोगितामा सहभागि हुने यस नगरपालिकाको टिमलाई सहभागिताका लागि पेश भएको प्रस्ताव एवं बिल भरपाई बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५

झापा -११ फुटबल क्लबलाई खेलाडी अनुबन्धनका लागि यस नगरपालिकाको तर्फबाट एक जना खेलाडीलाई लाग्ने पारिश्रमिक लगायतको खर्च प्रत्येक वर्ष आवश्यकता अनुसार करार नविकरण गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।साथै,मदन आश्रित फाउण्डेशनलाई छात्रवृत्ति कोष सञ्चालन वापत रु १ लाख मात्र यस आ.व.मा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

पशु विकास शाखा लगायत यस कार्यालय अन्तर्गतका विभिन्न कार्यालयहरु स्थापना गर्न जग्गा दान गर्नुहुने जग्गादाताहरुको स्मृतिमा सम्बन्धित कार्यालयहरुमा शिलालेख तथा प्रतिमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरक्षेत्रका मुख्य सडकहरुमा गुड्ने ट्रिपर ,ट्र्याक्टर लगायतका निर्माण सामाग्री आपूर्ती गर्ने सवारी साधनहरु अव्यवस्थित तरिकाले गुड्दा विभिन्न पक्षहरुमा आवागमन तथा ध्वनी लगायत प्रदुषणबाट दैनिक जनजीवनमा असर पर्न गएको भनी नगरवासीबाट गुनासो आएकाले त्यस्ता सवारी

नगर प्रमुख

साधनहरुलाई विहान ९ बजेदेखि ऐ. १० बजेसम्म , मद्यान्ह ३:३० देखि ४:३० सम्म र बेलुका ९ बजेदेखि विहान ५ बजेसम्म बाहेकको समयमा मात्र सञ्चालन गर्ने गरी व्यवस्थित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिकालाई खुला दिशा मुक्त घोषणा कार्यक्रम सञ्चालनका लागि समपूरक कोषबाट रु ८ लाख ५० हजार मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्राथमिक स्वास्थ्य केन्द्र,शनिश्चरेमा मिति २०७५ बैसाख १ गतेबाट २४ घण्टा सेवा सुचारु गर्ने तथा सोको लागिं एक जना अ हे व र एकजना हेल्थ असिस्टेण्ट नियमानुसार सेवा करारमा लिने निर्णय गरियो ।

निर्णय नं १०

वडा नं. ४ बस्ने श्री सूर्यबहादुर बस्नेतले निजालाई मृगौला सम्बन्धि रोग लागि उपचाररत रहेकामा निजको आर्थिक अवस्था कमजोर भई आर्थिक सहयोग माग भई आएकाले निजालाई रु १० हजार मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

बन्दि सहायता नेपाललाई ५० बोरा सिमेण्ट बराबरको रकम सहयोग गर्ने तथा वडा नं. ३ का गरिब विपन्न परिवारका लागि ६ थान ट्युबवेल उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

नगर कार्यपालिकाको कार्यालयबाट घर नक्सा पास गर्दा गरिने स्थलगत सर्जमिनमा सम्बन्धित वडाका वडाध्यक्ष वा जनप्रतिधिलाई रोहवरमा राखी मात्र गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १३

सडक बोर्ड नेपालबाट प्राप्त रकम वडा नं. ३को गरुवा बस्तीदेखि जुकेखाडी सामुदायिक वन उपभोक्ता समितिको कार्यालयसम्म जाने बाटो मर्मत सम्भारका लागि आवश्यक प्रक्रिया पुरा गरी उक्त बोर्डसँग सम्झौता गर्न प्रमुख प्रशासकीयक अधिकृत तथा सम्बन्धित योजना शाखालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

नगर प्रमुख